सिस्ने गाउँसभाको बैठकमा

उपाध्यक्ष श्री गोपाल रेउले ज्यू बाट प्रस्तुत

सिस्ने गाउँपालिकाको

आ.व. २०७९।८० को

# वार्षिक आय व्यय विवरण

सिस्ने गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

२०७९।०३।१०

नेपालमा संघीय शासन प्रणाली सँगै विधिवत रुपमा स्थापित सिस्ने गाउँपालिकाको गरिमामय यस सभामा आ.व. २०७९।८० को वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु । यस ऐतिहासिक अवसरमा सर्वप्रथम म देशको आमूल परिवर्तनका लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायत न्यायपूर्ण सबै आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको गठन पश्चात संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनुका साथै स्थानीय स्तरको मागमा आधारित विकास र शासन सञ्चालन जनता आफै प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त भएको छ । स्थानीय सरकारको सबै संयन्त्र परिपूर्ण नभएको अवस्था छ । यसर्थ हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ । विगतको केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका असमानता, उत्पिडनहरुको अन्त्य गर्दै सबैको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी दिगो ,फराकिलो आर्थिक वृद्धिका साथ आर्थिक विकास गर्दै सबै नेपाली जनताको मुहारमा खुशी ल्याउने नेपालको संविधानको अभिष्ट पूरा गर्नुछ । यसका लागि स्थानीय तहको सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुने मैले ठानेको छु । हाम्रो विकासका लागि आफैले नै छनौट र कार्यन्वयन गर्न संवैधानिक रुपमा अधिकार सम्पन्न भएकाले पनि स्थानीय तहको सरकारलाई साधन स्रोतले सम्पन्न बनाउन आवश्यक छ । यतिवेला नवीनतम् सोंच र अधिकतम् प्रयासले स्थानीय तहको जग बलियो बनाउने विशेष अवसरको रुपमा पनि लिएको छु ।

***अध्यक्ष महोदय,***

नेपालको संघीय शासन प्रणालीलाई सुदृढ गर्न स्थानीय तहको शासन सञ्चालन तथा विकास निर्माणमा प्रत्यक्ष रुपमा आफै सहभागी हुन पाउने गरी ऐतिहासिक रुपमा अधिकार सम्पन्न भएका छौं । यस अर्थमा राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनस्थापित भएको छ । अबको बाटो जनचाहना अनुरुपको विकास निर्माण र दिगो, फराकिलो र तीव्र आर्थिक वृद्धि र समतामूलक वितरण सहितको आर्थिक विकास गरी देशलाई समुन्नत बनाउनु हो । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा सदुपयोग गरी संविधान र जनचाहना अनुरुप आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो भने समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

मुलुकमा आर्थिक तरलता अभाव भइरहेको समयमा हाम्रो पालिकामा यसको असर देखिएको छ । नेपालको संविधानले निदिष्ट गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, पन्ध्रौ योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोत्तर गर्ने मुलुकको लक्ष्यलाई आधार मानी यस गाउँपालिकामा पनि स्थानीय परिवेश सुहाउँदो बजेट तथा योजना निर्माण गर्नुपर्ने अवस्थामा सोहिअनुरुप बजेट विनियोजन गरिएको छ ।

अध्यक्ष महोदय,

<u>**गाउँपालिकाको संक्षिप्त परिचय यस प्रकार रहेको छः**</u>

संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय स्वरुपमा राज्यको पुनर्सरचना हुंदा सात प्रदेश र सात सय त्रिपन्न स्थानीय तह—गाउँपालिका र नगरपालिकाको गठन भएको हो। लुम्बिनी प्रदेशको हिमाली जिल्लामा गणना हुने रुकुम (पूर्व) नेपालको राजनीतिक नक्सामा कान्छो जिल्लाको रुपमा परिचित छ। रुकुम (पूर्व) जिल्लामा जम्मा तीन गाउँपालिका छन्। तीमध्ये एक हो सिस्ने गाउँपालिका। अन्य दुई गाउँपालिका पुथा उत्तरगंगाा र भूमे हुन् ।

सिस्ने गाउँपालिका साविकका सिस्ने, रुकुमकोट, स्यालापाखा, पोखरा र प्वाङ गाउँ विकास समिति मिलाएर गठन भएको हो। यस गाउँपालिकामा जम्मा ८ वडा रहेका छन्। भौगोलिक वनावटका हिसावले यस पालिकामा हिमाली र उच्च पहाडी भूधरातल रहेको छ। यस पालिकाको केन्द्र रुकुमकोट हो। यही रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम पनि हो। रुकुमकोटको भूवनोट तथा यहा रहेका कमलदह लगायतका विभिन्न दह र पोखरी समेतको विशेषता झल्काउदै ५२ पोखरी ५३ टाकुरीको रुपमा पनि रुकुमकोटले ख्याती कमाएको छ। यही तथ्यका आधारमा साविकमा सिङ्गो रुकुमलाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला भनेर जानिन्थ्यो। अहिले रुकुम (पूर्व) ले यो विरासत धानेको छ।

<u>**कृषिः**</u>

सिस्ने गाउँपालिकाका जनताको जीवन धान्ने मुख्य आधार कृषि हो। मकै, गहु र जौ यहाँका प्रमुख अन्नवाली हुन्। मुख्य दलहनको रुपमा सिमि, भटमासको उत्पादन छ । तरकारीको रुपमा उत्पादन हुने आलु, प्याज, टमाटर, बन्दा, काउली छ । सिमि, भटमास र आलु पालिका वाहिर पनि निकासी हुन्छ । अचार वा छोप बनाउन प्रयोग हुने भाङोको उत्पादनले पनि कृषकलाई आम्दानी गर्ने अवसर दिएको छ ।

मानिसका लागि दुध, दही, मही र घ्यूको घरायसी आवस्यक्ता परिपूर्ति गर्न र खेतवारीमा चाहिने मलका निमित्त गाई, भैसी, भेडा, बाख्रा, कुखुरा पालन गरिन्छ । पशुपालन गर्ने चलन घट्दै गरेको देखिन्छ ।कृषि व्यवसायमा संलग्न किसानहहरुको आम्दानी स्रोत कृषि व्यवसाय बनेको छ।

**उद्योगः**

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्लाको समेत सदरमुकाम भएकाले शहरीकरण तर्फ उन्मुख भै रहेको छ। पालिकाका अन्य सवै भूभाग ग्रामीण परिवेशको छ। त्यसैले यहाँ जे जति उद्योग छन् ती सवै घरेलु तथा साना उद्योगको रुपमा छन्। भेडाको उनबाट कम्वल बनाउने सीप परम्परागत रुपमा हरेक पुस्तामा सर्दै आएकोले प्रायशः प्रत्येक घरमा कम्बल तथा अल्लो कपडा वनाउने गरेको पाईन्छ। अल्लोबाट सदरमुकाममा फर्निचर उद्योग फस्टाउदै गएको छ। कुटानी पिसानीका लागि मिलहरु संचालनमा छन् । यसबाट रोजगारी र आम्दानीको अवसरहरु प्राप्त भएको छ ।

**पर्यटनः**

सिस्ने हिमाल, सानी भेरी नदी र कमल दह सिस्ने गाउँपालिकाका विशिष्ट प्राकृतिक सम्पदा हुन्। देउराली गुफा, पोखराको तातोपानी, नौधारी झरना, नौधारी लेक, तिमिले लेक, तीन वेनी लेख, लुम्पा ससऋषि धारा लगायत प्रकृतिले दिएका थुप्रै सम्पदा यस पालिकामा छन्। प्रकृतिका यी सुन्दर, र लोभलाग्दा सम्पदा पर्यटन व्यवसायका लागि विराट सम्भावना हुन।

सस्कृतिका हिसावले पनि सिस्ने गाउँपालिका सम्पन्न छ। महिनै पिच्छे उत्सव तथा पर्वहरु आयोजना भै रहने यस पालिकाले ठुलो संख्यामा पर्यटक भित्राउन सक्छ। सदरमुकाममा होटेल व्यवसाय र ग्रामिण क्षेत्रमा होम स्टेका माध्यमबाट पर्यटन व्यवसाय फस्टाई रहेको छ। मध्यपहाडी लोकमार्ग यसै पालिका केन्द्र हुदै गएकाले रुकुमकोट आउने गन्तब्य गएको छ । स्थानीय रोजगारी सिर्जनामा पर्यटन क्षेत्र आकर्षक ढङ्गले फस्टाई रहेको छ।

**सहकारीः**

ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रुपमा सहकारीलाई लिने गरिन्छ। स्थानीय पूजीको उत्पादन बृद्धि परिचालन गर्न एकल व्यक्तिको क्षमताले नभ्याउने अवस्थामा धेरै व्यक्तिले थोरै पुजी मिसाएर चाहिने पूजी जुटाउन सक्ने भएकाले सहकारी ढांचा लोक प्रिय भएको हो। सिस्ने गाउँपालिकामा सहकारीको संख्या र कारोबार बढ्दै गएको छ।

**<u>शिक्षाः</u>**

सिस्ने गाउँपालिकाको कूल साक्षरता दर ६२.७० प्रतिशत छ। सो मध्ये पुरुषको साक्षरता दर ७१.५१ प्रतिशत छ भने महिलाको साक्षरता दर ५४.८० प्रतिशत छ। जिल्लाको कूल साक्षरता दर ५४.०१ रहेको छ। सो मध्ये पुरुषको साक्षरता दर ६३.७२ प्रतिशत र महिलाको साक्षरता दर ४५.५७ प्रतिशत रहेको पाईन्छ। जिल्लाको सो साक्षरता दरसंङ्ग गाउँपालिकाको साक्षरता दर तुलना गर्दा जिल्लाको भन्दा पालिकाको साक्षरता दर राम्रो रहेको पाईन्छ। यसैगरी लुम्बिनी प्रदेशको कूल साक्षरता दर ६६.४३ प्रतिशत छ । सो मध्ये पुरुषको साक्षरता दर ७५.५ र महिलाको साक्षरता दर ५८.३३ प्रतिशत छ। सिस्ने गाउँपालिकाको साक्षरता दरलाई प्रदेशको साक्षरता दर संङ्ग तुलना गर्दा पुरुष र महिला दुवै साक्षरता दरमा पालिका कमजोर रहेको देखिन्छ ।

सिस्ने गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ माध्यमिक तहका विद्यालयको संख्या ९ रहेको छ। आधारभूत विद्यालयको संख्या ४० छ। निजीक्षेत्रका विद्यालयहरु मध्ये मा वि तहको १ र आधारभूत तहको २ रहेको छ। यस पालिकामा एउटा क्याम्पस संचालित छ।

**<u>स्वास्थ्यः</u>**

सिस्ने गाउँपालिकाको औषत आयु ६६.५ वर्ष रहेको छ। पुरुषको सरदर आयु ६८ वर्ष र महिलाको सरदर आयु ६५ रहेको छ। यस पालिकामा ५० शैयाको एउटा अस्पताल छ। सो अस्पताल प्रदेश सरकार मातहतमा सञ्चालित छ। वडा स्तरमा एक /एक वटा स्वास्थ्य केन्द्र रहेका छन्। मातृशिशु स्वास्थ्यको जिम्मेवारी बहन गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ४२ रहेको छ।

**<u>खानेपानीः</u>**

सिस्ने गाउँपालिकामा धाराबाट वितरण गरिएको खानेपानीको सुविधा ९१ प्रतिशत घरपरिवारलाई उपलब्ध छ । सिधै पानीको मुलबाट खानेपानी प्रयोग गर्ने घरपरिवार ६ प्रतिशत छ । नदिखोलाको पानी खाने घरपरिवार साढे दुई प्रतिशत छ । अन्य श्रोतबाट खानेपानी उपभोग गर्ने घरपरिवार आधा प्रतिशत रहेको देखिन्छ ।

**<u>लैङ्गिक समानता तथा महिला सशक्तीकरणः</u>**

सिस्ने गाउपालिकाले लैङ्गिक समानता र महिला सशक्तीकरणको विषयलाई प्राथमिकताका साथ संबोधन गर्दै आएको छ । विकास आयोजनाको छनोट, कार्यान्वयन र प्रतिफल उपभोग गर्ने सन्दर्भमा लैङ्गिक समानताको सम्मान गर्न पालिका सचेत छ । पालिकले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति अङ्गिकार

गरेको छ र वर्षेनी लैङ्गिक परिक्षण गर्दै आएको छ । महिलाहरुको सशक्तिकरणका लागि समूह निर्माण, बचत तथा ऋण परिचालनमा सहभागिता, विकास आयोजनाका लागि गठित उपभोक्ता समितिमा महिलालाई समावेश गरेर योजना प्रकृयामा समान रुपले सहभागी हुने अभिरुची जगाउने र अभ्यास गराउने कार्यमा सिस्ने गाउँपालिका सक्रिय रहदै आएको देखिन्छ ।

**सडक तथा यातायात पूर्वाधारः**

अहिले सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोटबाट छिमेकी पालिका, जिल्ला तथा प्रदेश एवं सङ्घीय राजधानी सम्मको सडक आबद्धता स्थापित भएको अवस्था छ। नियमित रुपमा यातायात चलेका छन्। यस प्रयोजनमा मध्यपहाडी लोकमार्ग लाईफ लाईन भएको छ। कोईलावास—होलेरी—घर्तिगाउँ—चुन्वाङ—रुकुमकोट—सिस्ने—डोल्पा मरिङ्ला सडक (सहिदमार्ग) ले उत्तर दक्षिणको आवद्धतालाई स्थापित गदै छ। सानी भेरी—उत्तरगंगा करिडोर अर्को महत्वपूर्ण सडक हो। यसरी निर्माण भई रहेका सडकहरुले सिस्ने गाउँपालिकाको यातायात सञ्जालनले गाउँबस्तीलाई जोड्नका साथै राजधानी शहरहरु र प्रमुख बजार तथा पर्यटकीय गन्तव्यहरुमा पुग्न सहज हुदैछ। पालिका भित्र पनि पालिका केन्द्रबाट वडाकेन्द्र सम्म सडक सञ्जालले जोड्ने र वडाकेन्द्रबाट बडाभित्रका बस्तीहरुलाई जोड्ने गरी सडक विस्तारको काम भैरहेकोछ। अहिले सम्म जम्मा ८ वडा मध्ये ६ वडामा सडक पुर्‍याउने काम भई सकेको छ।

**झोलङ्गे पुलः**

पहाडी भूधरातल भएका स्थानमा यात्राको दुरी कम गर्न झोलङ्गे पुल अत्यन्त महत्वपूर्ण उपाय हो । रुकुम (पूर्व) जिल्लामा झोलुङ्गे पुलको निर्मित संख्या ७५ रहेको छ । यसमध्ये सिस्ने गाउँपालिकामा जम्मा १८ वटा झोलुङ्गे पुल प्रयोगमा छन् । पहाडी जमिनमा पैदल यात्रा आवस्यकता र रहर दुवै कारणले आवश्यक भै रहने भएकाले झोलङ्गे पुलको आवस्यकता र महत्व कायम रहिरहने छ ।

**विद्युत तथा उर्जाः**

विद्युतको प्रयोगले आधुनिक जीवनको महसुस गराउँदछ । सिस्ने गाउँपालिकामा विद्युत सेवा उपलब्ध छ । जलविद्युत र सौर्य उर्जाको प्रयोग गरेर सवै घर बस्तीमा उज्यालो पुगेको छ । हाल सम्म ९० प्रतिशत जनताको घरमा विजुली वत्ती वलेको छ । विद्युत तथा उर्जाको प्रयोग उज्यालोका निमित्त मात्र नभएर उत्पादनका निमित्त पनि अपरिहार्य भएकाले घरेलु तथा साना उद्योगका निमित्त विद्युतको माग बढ्दो छ ।

**सिञ्चाईः**

नेपालीहरुका लागि कृषि जीवनको मुख्य आधार हो। कृषिका निमित्त सिञ्चाई प्राण हो। खेतीयोग्य जमिनका लागि उत्पादन सहयोगी पूर्वाधरको रुपमा सिञ्चाईको आवस्यकता पर्दछ। तथ्यांक केलाउँदा सिस्ने गाउँपालिकामा २.६१ प्रतिशत खेतियोग्य जमिनमा सिञ्चाईको सुविधा छ।

**<u>आवास तथा शहरी विकासः</u>**

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्ला सदरमुकाम समेत भएकाले यहा सार्वजनिक भवन तथा निजी आवास भवनहरु निर्माण भई रहेका छन् । रुकुमकोट शहर उन्मुख रुपमा रुपान्तरण हुदैछ । रुकुमकोटको शहरी विकास गुरुयोजना तयार भएको छ । सोही अनुसार रुकुमकोटलाई विकास गर्दै लगिने छ । वडाकेन्द्रहरु जराधार तहका आर्थिक वृद्धिकेन्द्र (ईकोनोमिक ग्रोथ सेन्टर) को रुपमा विकास हुदै जाने भएकाले वडाकेन्द्रमा समेत आवास तथा शहरी विकासका प्रारम्भिक चरणका कामहरु गर्दै जान जरुरी छ । सिस्ने गाउँपालिका भविष्यमा पर्यटनको हव बन्ने संभावना बोकेको पालिका भएकाले यहाका घर तथा बस्तीमा सौन्दर्य झल्कने गरी निर्माण गर्न थालिएको छ ।

**<u>सञ्चारः</u>**

सञ्चार सहज जीवनयापन तथा सक्रिय अर्थतन्त्रका लागि अनिवार्य साधन हो । दूरसञ्चार, रेडियो, टेलभिजनले सूचना, शिक्षा र मनोरञ्जन प्रदान गरेर मानिसलाई आर्थिक रुपले सक्रिय बनाई रहेका छन् । सिस्ने गाउँपालिकाको सवै भूभागमा टेलिकम सिग्नल उपलब्ध छ । स्थानीय जनताले नेपाल टेलिकम वा एन सेलको दूर सञ्चार सेवा उपभोग गरिरहेका छन् । सिस्ने गाउँपालिकामा स्टेसन भएको २ वटा एफ एम रेडियोले सेवा पुऱ्याई रहेको छ ।

**<u>वन, वातावरण र जलाधारः</u>**

सिस्ने गाउँपालिकाको मात्र तथ्याङ्क केलाउँदा यस पालिकामा वन क्षेत्रले ओगटेको भूभाग ५८.८० प्रतिशत रहेको देखिन्छ । वन, वनस्पति, जैविक विविधता, जडिवुटी र जलाधार समेट्ने यो क्षत्र स्थानीय वासिन्दाका लागि जीवन निर्वाहको प्रमुख आधार हो । कृषि, पशुपालन तथा घरेलु तथा साना उद्योगका लागि यो क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण छ । सिस्ने गाउँपालिकाको वन क्षेत्र कृषि, पशुपालन, ईन्धन आपुर्ति (दाउरा), काठको आवश्यकता परिपूर्ति, फर्निचर उद्योगको लागि काठ, जडिवुटी सङ्कलन लगायतका आवश्यकता परिपूर्ति र आर्थिक क्रियाकलापका निमित्त स्थानीय वासिन्दाको जीवनाधारको रुपमा रहेको छ ।

प्राकृतिक श्रोतको अर्को महत्वपूर्ण पक्ष जलाधार हो । सानी भेरी, उत्तरगङ्गा नदीमा आधारित यस पालिकाको जलाधार क्षेत्र मानव बसोवास र पर्यटनका लागि अत्यन्तै जीवन्त सम्पदाको रुपमा रहेको छ । यस पालिकामा जलाधारको प्रचुरताले जलविद्युतको पनि राम्रो संभावना छ । सिस्ने हिमालको दिव्यता र मनमोहकताको पृष्ठभूमिमा यस पालिकाको वन, वनस्पती र जलाधारको प्रचुरतालाई समृद्ध सिस्नेका गन्तव्य पछयाउने सशक्त आधारको रुपमा लिन सकिन्छ ।

**जलवायु परिवर्तन अनुकूलनः**

सिस्ने गाउँपालिकामा पनि जलवायु परिवर्तनका असरहरु अनुभव हुन थालेका छन् । वर्षाको समयतालिका अनिस्चित भएको छ । मनसुनको वर्षाको समय छोटिनु तर पानीको मात्रा नघट्नु एउटा चरित्र देखिएको छ भने हिउदमा कहिले असाध्यै वर्ष र कहिले असाध्यै सुख्खा अर्को चरित्र देखिएको छ । हिमालमा हिउ कम पर्ने र छिटै पग्लने दृष्यले पनि जलवायु परिवर्तनको महसुस भै रहेको छ । पानीका मुहान सुक्दै जाने समस्या सिस्ने गाउँपालिकामा समेत अनुभव हुन थालेको छ ।

वर्षाको चरित्र फेरिदै जादा वाढी, पहिरो, खडेरी, हावाहुरी, चटयाङ, आगलागी जस्ता प्राकृतिक विपदहरुको मात्रा वढेको छ । यसवाट जनधनको समेत क्षति हुने गरेको छ । सिस्ने गाउँपालिको मात्र तथ्याङ्क केलाउँदा गत तीन आर्थिक वर्षमा विपदबाट ज्यान गुमाउने संख्या छैन । यसैगरी क्षति भएको धनको हिसाव ४५ लाख वरावरको छ ।

**विपद व्यवस्थापनः**

प्राकृतिक र मानवीय विपदका घटनाको आवृत्ति उच्च हुदै जान थाले पछि विपद व्यवस्थापनको विषय विकास व्यवस्थापनको मुलधारमा समाहित भएको छ । विश्वव्यापी महामारी कोभिड–१९ ले विपद व्यवस्थापनका सन्दर्भमा नेपाललाई पाठ सिकाई रहेको छ । फोहर पानी पिउनाले र लामखुट्टेको टोकाईका कारण पनि वेलावेलामा महामारी फैलने गरेको नेपालको तीतो अनुभव छ। सिस्ने गाउँपालिकाले जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनको सन्दर्भमा स्थानीय विपद तथा जलवायु उत्थानशी योजना तयार पारेर कार्यान्वयन गर्न थालेबाट सरकार र समुदाय उल्लेखित विषय प्रति सजग रहदै दृढताका साथ उत्थानशीलका क्रियाकलापमा जुटेको देखिन्छ ।

**संस्थागत व्यवस्थाः**

गाउँकार्यपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालय, विषयगत कार्यालयहरु (शाखा वा ईकाई) र वडा कार्यालयहरु सञ्चालित छन् । प्रमुख प्रशासकीय अधिकृतको मातहतमा उल्लेखित तीनै प्रकारका कार्यालयमा कर्मचारी कार्यरत छन् । हाल यस पालिकामा कार्यरत कूल कर्मचारी संख्या १३२ छ ।

सिस्ने गाउँपालिकाले २०७९ साल असार सम्म ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएर संस्थागत क्षमता बढाएको छ । यस पालिकाको आफ्नै भवन संख्या वडा कार्यालय सहित १३ वटा रहेको छ।

**अध्यक्ष महोदय,**

**सिस्ने गाउँपालिकाको** सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार रहेको छः

**(क) स्थानीय तहको शासनको सार्थक कार्यान्वयन**

साविक एकात्मक र केन्द्रिकृत राज्य प्रणालीको अभ्यास भइरेहको अवस्थामा संघीयता र स्थानीय तहको सरकार कार्यान्वयनको दोस्रो प्रयोगमा छौं। यस गाउँपालिकाको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणको लागि आवश्यक आन्तरिक स्रोतको व्यवस्था र सन्तुलन गर्ने कार्य चुनौतिपूर्ण छ । यस गाउँपालिका भित्र सञ्चालन हुने विकास आयोजनाहरुको तयारी र व्यवस्थापकीय क्षमता, निर्माण व्यवसायीको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्ति प्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर हुने देखिन्छ । तसर्थ संरचनागत अन्यौलता हटाएर नियमित अनुगमन र व्यवस्थापनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन गर्न अवसरमा परिणत गर्नु पर्नेछ ।

**(ग) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि**

बिदेशबाट आएका र वेरोजगार युवाहरुलाई स्थानिय माटो र हावापानी सुहाउँदो उत्पादनका कृयाकलापहरु माथि संलग्न गराइ वेरोजगारी कम गर्न सार्वजनिक निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने देखिन्छ । उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यम खोजि गरी आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु पर्ने देखिन्छ । यस चालु आ. व. मा कृषि विशेष अनुदान मार्फत कृषि उत्पादन बृद्धि गरिने लक्ष लिईएको छ।

**(घ) औपचारिक अर्थतन्त्रको विकास**

आर्थिक क्षेत्रको ठूलो हिस्सा औपचारिक क्षेत्रभन्दा बाहिर रहेको कारण अर्थतन्त्रको वास्तविक पहिचान गर्न गाह्रो भइरहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुको बृद्धि क्रमशः हुदै गरेको छ र सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई सबै आर्थिक कारोबारहरु बैंकिङ प्रणाली मार्फत गर्दै आइरहेको छ । तर सहकारी समूह र संस्थाहरु अपेक्षाकृत रुपमा परिचालित नहुदा लघु वित्त संस्थाहरुद्धारा स्थानीय पूजी परिचालनको नाममा पूजी भित्रीनुको साटो बाहीरीएको अवस्था छ । आन्तरिक वजार प्रर्वधन गरी आर्थिक सुधार गर्नुपर्ने देखिन्छ ।

(ङ) **सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षण**

सार्वजनिक निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो तेहेरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पत्तिको उचित उपयोग र संरक्षण कार्य चुनौतिपूर्ण छ । यस कार्यमा हामी जनप्रतिनीधिहरु, सरोकार वालाहरुको भूमिका  महत्वपूण देखिन्छ ।

**(च) सूचना तथा सञ्चार प्रविधिको विकास**

भौगोलिक विकटताका साथै सूचना तथा सञ्चारको पहुँच नभएकाले विकास निर्माण कार्यान्वयन आपसी सेवा प्रवाहका क्रममा असहजता पैदा हुनुका साथै लागत समय र स्रोत महँगो पर्न जान्छ । गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधिहरुको पूर्वाधारहरुको निर्माण र निजी क्षेत्रलाई आकर्षण गर्ने कार्यमा कठीनाई छ ।

**(छ) सुशासन  अभिवृद्धि**

कानूनको परिपालना सेवा प्रवाहमा प्रभावकारिता सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सक्षम कर्मचारी, असल व्यवसायि र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ ।

***अध्यक्ष महोदय,***

हाम्रा सामु थुप्रै चुनौतीहरु रहेता पनि नयाँ घरको जग बलियो र मजबुद  बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता, मौद्रीक तथा गैरमौद्रिक साधन परिचालन मार्फत समृद्ध सिस्ने निर्माण गर्ने अवसर प्राप्त  भएको छ । विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०७९।८० को बजेट तयार गरिएको छ । यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत  गरिएको छ।

- स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्दि गरी जनताको घरदैलोमा सहज र सर्वसुलभ सेवा दिन सहयोग गर्ने ।

- गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम जनताको सहज पहुँच स्थापित गर्ने ।
- स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र आर्थिक वृद्धि हासिल गर्ने ।
- आर्थिक स्थायित्व कायम गर्ने  तथा लगानी मैत्री वातावरण निर्माण गर्ने ।
- आर्थिक, सामाजिक, विकासका सम्भावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने ।

. यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०७९।८० को बजेटमा प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

**प्राथमिकता तथा कार्यक्रम**

- स्थानीय तहको सरकारको कार्यान्वयन र सेवा प्रवाहमा गुणस्तर,
- खानेपानी र सरसफाई
- स्थानीय सडकको निर्माण र स्तरउन्नती,
- कृषि उत्पादन उत्पादकत्व वृद्धि, (के उत्पादन ?)
- कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकरण
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- लैंगिक समावेशिकरण, लक्षित समूह विकास कार्यक्रम,
- शिक्षा तथा स्वास्थ्यमा सुधार
- जलविद्युत, प्रसारण, वितरण र मर्मत
- सूचना तथा सञ्चार प्रविधिको विकास र गुणस्तर,
- सहकारी विकास र व्यवस्थापन
- व्यक्तिको आचरणमा नैतिकता र बस्तीको आवरणमा सौन्दर्यता
- वन तथा भू-संरक्षण, जलवायु  परिर्वतन अनुकूलन,
- विपद् जोखिम न्यनिकरण तथा जल उत्पन्न प्रकोप न्युनिकरण
- संस्थागत विकास तथा शासकीय सुधार ।

***अध्यक्ष महोदय,***

अब यिनै चुनौति उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको सरकारको कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय हैसियत प्राप्त गरेको अवस्थामा गाउँ गाउँमा सिंहदरबारको अधिकार स्थानान्तरण भएको छ ।

स्थानीय तहले प्रवाह र विकास निर्माणका कार्यहरु आफै सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न नेपाल सरकार र प्रदेश सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तरगत वित्तीय समानिकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजश्व बांडफांड, शशर्त अनुदान प्रदान गरेको छ । संविधानको अनूसूची ८ मा भए बमोजिम विषयगत मन्त्रालयहरुबाट  स्थानीय तहबाटै सञ्चालन हुने गरी मार्गदर्शन र स्रोत उपलब्ध गराइएकोमा सोही अनुरुप बजेट विनियोजन भएको छ । विभिन्न अनुदान शिर्षकहरु सहित प्राप्त कार्यक्रमलाई सोहि अनुसार कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

## आर्थिक विकास

### कृषि

परम्परागत कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरण गरि उत्पादन तथा उत्पादकत्व बृद्धिको आधार तयार गरिने छ । कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गरी आय तथा रोजगारी सिर्जना, दिगो र सन्तुलित विकास, खाद्य उत्पादनका क्षेत्र पहिचान गरी ती क्षेत्रमा प्रयाप्त लगानी गरिने छ  । कृषि पकेट क्षेत्र तोक्दा नगदमा आधारित आलु सुन्तला, सिमी, कागती, लसुन, बाखापालन, चौरी पालन, भेडा पालन, भैसीपालन, मत्स्यपालन, कुखुरापालन र मौरीपालनलाई विशेष जोड,रैथाने वाली उत्पादनमा विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ । प्रमुख खाद्यान्न, तरकारी, फलफुल तथा नगदेबालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको दिर्घकालनि कृषि रणनीति तथा पन्ध्रौ योजनामा उल्लेखित सुचकहरुलाई टेवा पुग्ने नीतिलाई आत्मसात गर्दै थोपा सिचाई,आकासे पानी संकलन स्प्रीङकल तथा कुलो सिंचाइ मलखाद, उन्नत बीउ विजनको उत्पादन तथा उन्नत वीउको फैलावट गरि खेति प्रणालीमा सुधार गरिने छ ।

निजी सहकारी र सार्वजनिक साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागि कृषि विकास कार्यक्रमहरु सञ्चालन गरिने छ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । आकस्मिक प्रकोपबाट हुने क्षतिबाट प्रभावित कृषकहरुलाई मध्यनजर गदै कृषि राहात कोषको व्यवस्था गरिने छ । भौगोलिक परिवेश, तुलनात्मक लाभ र बाली विशेष अनुसारको कृषि उत्पादन क्षेत्रहरु मार्फत कृषि उपज उत्पादन भण्डारण, प्रशोधन र बजारीकरणका लागि यस गाउँपालिकाका सबै वडाहरुमा कृषि सहकारी, कृषि उपज संकलन केन्द्र, शित भण्डार स्थापना गरी प्रर्वद्धनमा जोड दिइनेछ । गाउँपालिका अन्तर्गत रुकुमकोटमा नमुना कृषि, स्यालापाखामा स्मार्ट कृषि, छिपखोलामा साझेदारी खेति अवलम्बन गरिने छ ।

संविधान प्रदत्त खाद्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा आधारभूत खाद्य वस्तुको उपादनमा आत्मनिर्भरता हासिल गर्न माटो परिक्षण केन्द्र र कृषि ल्याब, नर्सरी उत्पादन, संकलन केन्द्र, शीतघरको प्रबन्ध गरिनेछ । सहुलियतपूर्ण पशुपालन ऋणको व्यवस्था, एक टोल एक उत्पादन प्रर्वद्धन लगायतका कार्यक्रमहरु लागू गरिनेछ । भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा कृषिमा १ करोड ४९ लाख ५० हजार र पशुमा ८२ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

**<u>पर्यटन</u>**

ऐतिहासिक, धार्मिक, साँस्कृतिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान अध्ययन, संरक्षण, प्रवद्धन एवं प्रचारप्रसार मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिनुका साथै युद्ध पर्यटन लगायतका क्षेत्रको प्रवर्द्धन एवं संरचनाहरुको निर्माण तथा संरक्षणमा जोड दिन बजेट बिनियोजनको व्यवस्था गरिएको छ । साथै यस गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु नेटा शहिद पार्क, झुम्कामारे शहिद पार्क, कानेवाग चुन्वाग पदमार्ग, कमलदह, द्वन्द्ध स्थल, छिप्रीदह, देउवरकाजी मन्दीर, तोरीदवारी सिस्ने बेस क्याम्प हुदै गुप्तादह जोड्ने पदमार्ग, देउराली गुफा, तातो पानी, सिस्ने हिमाल, सिस्नेमा भेडा पालन र चौरीपालन, गुप्तादह, बेस क्याम्प संरक्षण तथा संवर्द्धन र जोड दिनुका साथै प्रचार प्रसार गरी आन्तरिक एवं बाह्य पर्यटकहरुको आकर्षण मार्फत प्रवर्द्धनमा ३ करोड १४ लाख बजेट बिनियोजन गरिएको छ ।

**सहकारी**

सबै सहकारी संस्थाहरुले स्थानीय सम्भावना अनुसार उत्पादन तथा उद्योगहरुमा एक सहकारी मुख्य चिनारीको अवधारणा अनुसार काम गर्नुपर्ने व्यवस्था गरिनेछ । उत्पादन गरिएका उतपादन वस्तुहरुको उचित मूल्य प्राप्त गर्न सक्ने गरी मुख्य मुख्य बजारहरुमा सहकारी बजारहरुको विकास गरिनेछ । सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नेपालको संविधानमा व्यवस्था भएको राज्यको नीति अनुरुप सहकारी संस्थाहरुको स्तरोउन्नती र प्रवर्द्धनका लागि आवश्यक बजेट रु ५ लाख ५० हजार बिनियोजन गरिएको ।

**<u>पूर्वाधार विकास</u>**

**<u>सूचना तथा सञ्चार</u>**

यस क्षेत्रभित्र सबैले सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ । ठाउँ ठाउँमा सञ्चार टावर स्थापना, टेलिफोन लाइन तथा इन्टरनेट विस्तार र आवश्यक व्यवस्था गरिनेछ । एफ.एम. रेडियो र सञ्चार सुविधा नपुगेका बस्तीमा सुविधा र पुगेका स्थानहरुको प्रभावकारिताका लागि विशेष योजना थालिने छ । यी विषयहरुमा अध्ययन

अनुसन्धान तथा परामर्श तथा स्थानीय संचार माध्यमहरुलाई पूर्वाधारयुक्त वनाउन वजेट रु ५९ लाख ५० हजार बिनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

**स्थानीय सडक तथा पुल**

अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक सञ्जाल विस्तारका लागि सडक नपुगकोका ठाउँहरु प्वाङ र सिस्नेमा नयाँ ट्रयाक खोलिने कार्यलाई निरन्तरता दिइनेछ । सडक यातायातलाई निरन्तर सुचारु गर्न तथा अन्य विकास निर्माण कार्यका लागि स्थानीय श्रम र रोजगारलाइ प्राथमिकता दिइनेछ । वस्तीस्तरबाट माग भई आए बमोजिमका सडक, सडकपुल, झो पु र टसब्रिज निर्माण तथा स्तरोन्नतीका लागि स्थानीय सडक तथा पुल क्षेत्रतर्फ रु **३ करोड २३ लाख ९२ हजार ६ सय ७ रुपैया** बजेट विनियोजन गरिएको छ ।

**विद्युत तथा ऊर्जा विकास**

गाउँपालिका क्षेत्रभित्रका जलविद्युत आयोजनाहरुलाई मर्मत तथा सुधार गरी सञ्चालनका गर्न रकम व्यवस्था गरिएको छ । समग्र ऊर्जा क्षेत्रमा कुल रु **४५ लाख ५० हजार** रकम विनियोजन गरिएको छ ।

**शहरी विकास तथा भवन निर्माण**

गाउँपालिका क्षेत्रभित्रका मुख्य वजारहरुलाई व्यवस्थित र सुविधासम्पन्न गतिशिल सहर निर्माणका लागि आवश्यक अध्ययनका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक ,साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै घरहरुको तथ्याङ्क संकलन तथा वर्गिकरण कार्य तीव्र रुपमा अघि बढाइने र गाउंपालिकाको डीजीटल प्रोफाल निर्माण गरी प्रकाशन गरीने छ । शहरी विकास तथा भवन निर्माण सम्बन्धी स्थानीय परिवेशका आधारमा कडाइका साथ कार्यान्यन गरिनेछ । सिस्ने गाउँपालिकामा एकीकृत व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर, सडक निर्माणको लागि योजना बनाई कार्यान्यन गरिनेछ । समग्र भवन तथा सहरी विकास तर्फ आवश्यक रकम रु २ **करोड २३ लाख** बजेट विनियोजनको गरीएको छ ।

**सामाजिक विकास**

**शिक्षा**

निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा सञ्चार प्रविधि ICT पूर्वाधारमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयलाई नमुना विद्यालय निर्माणको लागि आवश्यक भौतिक संरचना निर्माण, मेशनरी औजार, वालमैत्री, अपांगमैत्री शौचालयको निर्माण, बैकल्पिक (दुर शिक्षा) शिक्षा शिक्षण, पुस्तकालय स्थापना, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन, विद्यार्थी छात्रवृत्ति अनुदान

प्रदान लगायत विद्यालय सुधार योजना कार्यान्वयनका लागि शिक्षा तर्फ रु २१ **करोड ५६ लाख ८० हजार** रकम बजेट विनियोजन गरिएको छ ।

**स्वास्थ्य सेवा**

कुनै पनि नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट बन्चित हुनुपर्ने अवस्थालाई अन्त्य गर्न आगामी वर्षभित्र सबै गाउँवासीले स्वास्थ्य विमा गर्ने लक्ष्य सहित स्वास्थ्य बीमा योजना कार्यान्वयनमा ल्याउन प्रत्येक वडाबाट २५ जनाका दरले गरिब तथा विपन्न परिवारलाई स्वास्थ्य बिमा गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। गाउँपालिका भरिका गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा, सबै वडाहरुका स्वास्थ्य चौकीहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाउँपालिका अन्तरगतका वडा नं. ८ मा एक्सरे र वडा नं. २ मा ल्याव संचालन वजेट विनीयोजन गरिएको छ । यस वर्ष स्वास्थ्य शिक्षा छात्रबृति र नारी वचत खाता कार्यक्रम, जेष्ठ नागरिक घरदैलो कार्यक्रममा वजेट विनीयोजन गरिएको छ । समग्र स्वास्थ्य क्षेत्रमा गुणस्तरीयता कायम गर्न आवश्यक बजेट रु **४ करोड १५ लाख ६६ हजार** बजेट विनियोजन गरिएको छ ।

**युवा, खेलकूद तथा मनोरञ्जन**

खास गरी युवा वर्गमा व्यवसायिकता र उद्यमशीलता विकास गर्न सामाजिक परिचालन सहभागिता र नेतृत्व विकासका साथसाथै खेलकूद र मनोरञ्जन क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ । युवाहरुको सर्वागींन विकासका लागि युवा विकासकेन्द्र लाई परिचालन गरिने छ । खेलकूद क्षेत्रको प्रवर्द्धन गर्न खेलकूद तथा साँस्कृतिक संरक्षण प्रबर्द्धन, मनोरञ्जन विषयका लागि रु **९४ लाख** रकम बजेट विनियोजन गरिएको छ ।

**सरसफाइ तथा खानेपानी**

**“सफा र शुद्ध खानेपानी, सरसफाइ गर्ने हाम्रो बानी”** स्वच्छ वातावरण निर्माण र शुद्ध खानेपानी व्यवस्थापनका लागि सिस्ने गाउँपालिकाका सबै वडाका जनताहरुमा पिउने पानीको सुविधा सहज रुपमा पुऱ्याउन बृहत खानेपानी आयोजना निर्माण पुराना आयोजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ । स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाइमा विशेष ध्यान दिइनेछ । फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ । रुकुमकोटमा फोहोर व्यवस्थापन गर्न ढल निकासको लागि छिप्रीदह सेराखेत ढल

निर्माणको काम भैइरहेको छ । यस क्षेत्रको समग्र कार्यक्रमको लागि रु **४ करोड ७४ लाख ७५ हजार** बजेट विनियोजन गरिएको छ ।

### लैङ्गीक समानता र सामाजिक समावेशिकरण

महिला, बालबालिका, अपाङग, आदिवासी जनजाति,अल्पसंख्यक समुदाय**,** दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र समुदायको उत्थानको लागि व्यवस्थित योजना र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । यसको लागि रु १ **करोड १६ लाख ५ हजार** बजेट विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा भू-संरक्षण र जलाधार

वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । वन क्षेत्रको विकास र विस्तारको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । सामुदायिक वन विकास कार्यक्रम, पहिरो गएको र नांगा डाँडाहरुमा वृक्षारोपण, एक घर एक विरुवा अभियान, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भूमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरिएको छ । मुहान सफा राख्ने, मुहान वरिपरी विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ । यस आ व देखि सिस्ने १, २, ४ मा जडिबुटी खेतिको प्रारम्भ गरीने छ । बाढी पहिरो भू क्षय र नदी कटान रोकथाम गर्न विभिन्न निकायसंग सहकार्य गरिने छ । समन्वय गरी कार्यान्वयन गर्न आबश्यक बजेट विनियोजन गरिएको छ ।

### विपद् व्यवस्थापन

सबै वडामा विपद् न्युनिकरण समिति गठन गरी विपद् प्रतिकार्यका लागि जनचेतना फैलाउन वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । तत्काल प्रतिकार्य तथा राहतका लागि विपद् जोखिम कोषको स्थापना गरी निश्चित रकम उक्त कोषमा सञ्चित हुने व्यवस्था मिलाइने छ । विपद् व्यवस्थापन तर्फ रु **५२ लाख** रकम बजेट विनियोजन गरिएको छ ।

जल उत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानहरुको पहिचान गरी तटबन्धनको व्यवस्था गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

### संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

सार्वजनिक प्रशासनलाई स्वच्छ सक्षम, निष्पक्ष ,पेशागत अनुशासनप्रति प्रतिवद्ध ,पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन पदाधिकारी र कर्मचारीहरुलाई समय समयमा ज्ञान, सीप अभिवृद्धि गर्ने खालको क्षमता विकास तालिम अभिमुखिकरण तथा पुनर्ताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

संस्थागत क्षमता सुदृढीकरण गरी सेवाप्रबाहलाइ प्रभावकारी बनाउन आवश्यक पूर्वाधार निर्माण आधुनिक नागरिक वडापत्र, सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको विकासका लागि अध्ययन, विकास र सञ्चालनका आवश्यक बजेट विनियोजन गरिएको छ । आधारभूत व्यवस्थापन गरी गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको भौतिक साधन सम्पन्न गराउन आवश्यक रकम विनियोजन गरिएको छ ।

आम नागरिकको सूचनाको हकको प्रत्याभूति दिलाउन तथा सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ । संगठनले गरेका कार्य प्रगतिको प्रकाशन, प्रशारण साथै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण व्यवस्थापन परिक्षण व्यवस्थापन गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

आर्थिक वर्ष २०७९।८० को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ

आर्थिक वर्ष २०७९।८० का लागि रु. **५६ करोड ७६ लाख ४० हजार ४ सय ६४ रुपैंया** विनियोजन गरिएको छ । कुल बजेट मध्ये चालु तर्फ रु ३६ करोड ३६ लाख ७ हजार ८ सय ५७ र पुँजीगतर्फ २० करोड ४० लाख ३२ हजार ६ सय ७ रुपैंया बिनियोजन गरिएको छ ।

## विविध

- ग्रामिण गरिबी न्यूनीकरण गर्ने नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम सिस्ने गाउँपालिकामा कार्यान्वयन हुने मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कार्यक्रम बनाई लागु गरिनेछ । जसका लागि ६० लाख रकम विनियोजन गरिएको छ ।

- सिस्ने गाउँपालिकाले प्राथमिकतामा राखेर आर्थिक विकास, सामाजिक विकास तथा पूर्वाधार विकासका लागि संघिय सरकार बाट २ करोड २० लाख र लुम्विनी प्रदेश सरकारबाट प्राप्त हुने १ करोड ५० लाख समपुरक अनुदान समेत बजेट व्यवस्था गरिएको छ ।

- सिस्ने गाउँपालिकालमा कृषि क्षेत्रको व्यवसायिकीकरण तथा आधूनिकिकरणका लागि र सिस्ने गाउँपालिकाको शिक्षामा पहुँच समावेशिकरण र गुणस्तर सुधारको लागि प्रथामिकतामा राखेर

नेपाल सरकारले माग भएबमोजिमको लागि विषेश अनुदान कार्यक्रम अन्तर्गत कार्यक्रम बनाई लागु गर्नको लागि क्रमश ७० लाख र १ करोड गरि जम्मा रु. १ करोड ७० लाख विनियोजन गरिएको छ ।

***अध्यक्ष महोदय,***

**आर्थिक वर्ष २०७९।८० का लागि आन्तरिक राजस्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् :**

- वडा कार्यालय र गाउँ कार्यपालिकाबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण भई सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजस्व परिचालनमा जोड दिने र राजस्व चुहावट नियन्त्रण गर्ने ।
- आन्तरिक राजस्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली  अवलम्बन गर्दै राजस्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजस्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने
- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उपादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- हामीले तिरको कर हाम्रै लागि भन्ने नाराका साथ सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।

**माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन् :**

- सार्वजनिक सेवा र राजस्व बीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सावर्जनिक सेवाबाट वन्चित गराउने नीतिको अवलम्बन गरिनेछ ।
- करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई करदायरालाई थप फराकिलो बनाउँदै लगिनेछ ।
- राजस्व संकलनको लागि आगामी आ.व. देखि कर अशुली गर्न आन्तरीक जनशक्तिलाइ कर संकलकको रुपमा परिचालन गरी कर अशुलीमा तिव्रता दिइने छ ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ ।
- करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराइनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।
- न्यून बिजकीकरण, चोरी निकासी, पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ

- करदाता तथा नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र चेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।
- यस पालकिामा सहयोग गर्ने विभिन्न निकायहरुको बजेट तथा कार्यक्रम पालिकाको रातो किताबको अनुसूचीमा समावेश गरिनेछ।

***अध्यक्ष महोदय,***

बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट महत्वपूर्ण सुझाव पेश गर्ने सम्पूर्ण पदाधिकारी, कर्मचारी, वुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा समृद्ध सिस्ने गाउँपालिका निर्माणका लागि प्रत्यक्ष/ अप्रत्यक्ष रुपमा निरन्तर सहयोग ,सद्भाव र चासोका साथ उत्प्रेरणा र सहयोग प्रदान गर्नुहुने आम शुभेच्छुक, सिस्नेबासी जनता, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। जसरी बजेट तर्जुमा सहयोग र सुझाव प्राप्त भयो त्यसैगरी बजेटको सफल कार्यान्वयनमा पनि सबैको खुला सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद

गोपाल रेउले
गा. पा. उपाध्यक्ष